**विष्णु गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः१) विष्णु गाउँपालिका,पुष २९ गते, २०७४ साल (संख्याः४**

**भाग-१**

**विष्णु गाउँपालिका**

विष्णु गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम विष्णु गाउँ सभाले यो ऐन बनाएको छ ।

विष्णु गाउँपालिका

**सम्वत २०७४साल ऐन नं. -२**

**खण्ड १)संख्या ४ स्थानिय राजपत्र भाग १ मिति  २०७४/०९/२९**

# विष्णु गाउँपालिकाको विनियोजन ऐन २०७४

**विष्णु गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०७४।०८।२८

**प्रस्तावना:** विष्णु गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम विष्णु गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम " विष्णु गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) "ऐन" भन्नाले विष्णु गाउँपालिकाको विनियोजन ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले विष्णु गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले विष्णु गाउँपालिका सम्झनुपर्दछ ।

(घ) "सभा" भन्नाले विष्णु गाउँपालिकाको सभा सम्झनुपर्दछ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्दछ ।

३. **आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची–१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २६,२३,७४,८०९।१८ (अक्षेरुपी : छविस करोड तेईस लाख चौहत्तर हजार आठ सय नौ रुपैया अठार पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त विष्णु गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

विष्णु गाउँपालिका

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याँज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याँज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

विष्णु गाउँपालिका

अनुसूचि-१
(दफा ३ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | **वित्तियव्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **१** | २ | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँकार्यपालिका | ४,०२,०४.८०९।१८ | ५,५१,००।०० | ०।०० | ९,५३,०४.८०९।१८ |
| २ | | वडा समिति | ००।०० | ६,८३,५०।०० | ०।०० | ६,८३,५०।०० |
| ३ | | बिषयगत शाखा | ५,७८,४१।०० | १,०२,७९।०० | ०।०० | ६,८१,२०।०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ०।०० | ०।०० | ००।०० | ००।०० |
| ५ | | लगानी (शेयर/ऋण) | ०।०० | ०।०० | ००।०० | ०।०० |
| ६ | | सामाजिक सुरक्षा | ३०६०००।०० | ०।०० | ०।०० | ३०६०००।०० |
| | | **जम्मा** | **१२८६४५.८०९।१८** | **१३,३७,२९।००** | **००।००** | **२६२३७४.८०९।१८** |

आज्ञाले
अनुप कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत
विष्णु गाउँपालिका

विष्णु गाउँपालिका